# नेपाल नर्सिङ्ग संघ

बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान इकाई, धरान

# Nursing Association of Nepal

BPKIHS Unit, Dharan


Ref. No. 06/2069/080.

Date : 2069/04/10.

## ध्यानाकर्षण


**EXECUTIVE COMMITTEE**

**President**
Upendra Yadav

**Immediate Past President**
Prof. Dr. RS Mehta

**Vice President**
Manju Shrestha

**Secretary**
Kriti Chaudhary

**Treasurer**
Rambha Sigdel

**Members**
Panna Rai
Jamuna Devi Bhurtel
Jyoti Limbu
Binita Tamang
Srijana Pradhan


नेपाल नर्सिङ्ग संघ एउटा अन्तराष्ट्रीय नर्सिङ्ग परिषद (ICN) सँग आबद्ध राष्ट्रिय स्तरको एक संगठित, स्वशासित, स्वतन्त्र र गैह्र नाफामुलक विशुद्ध पेशागत संगठन हो। नेपाल नर्सिङ्ग संघ, इकाई समिती, यस प्रतिष्ठानमा कार्यरत सम्पूर्ण नर्सिङ्ग कर्मचारि तथा शिक्षकहरुको पेशागत हकहित, मौलिक अधिकार, सेवा, सुबिधा र सुरक्षाको प्रत्याभुति सुनिश्चित गर्न कटिबद्ध रहेको तथा सम्बन्धित पक्षसँग पटक पटक आवाज उठाउँदै गरेको कुरा अवगत गराउँदछौं। नर्सिङ्ग पेशाकर्मीहरुका देहाय बमोजिमका मागहरु तत्काल पूरा गरियोस् भनी प्रतिष्ठान ब्यवस्थापन समक्ष जोडदार माग गर्दछौं ।

1. **सेवा समूह सम्बन्धि:** नर्सिङ्ग पेशालाई प्राविधिक सेवा सुविधा सहितको समूहमा समायोजन गरियोस् ।
2. **सेवा सुविधा:** कर्मचारी तथा शिक्षकहरूले खाईपाई आएको सुविधाहरू अविलम्ब लागु गरियोस् ।
3. **आरक्षित कोटा:** पूर्ववत शिक्षक तथा कर्मचारीका छोराछोरीको निम्ति आरक्षित छुट्याइएका कोटाहरूको व्यवस्था अविलम्ब गरियोस् ।
4. **बिज्ञापन:** स्वीकृत दरबन्दी अनुसार तथा योग्य शिक्षक तथा कर्मचारीहरूको लागि नयाँ दरबन्दी सिर्जना गरी सम्पूर्ण तहका बिज्ञापन गरि यथाशिघ्र पदपूर्ति गरियोस।
5. **प्रतिनिधित्व:** सिनेट, कार्यकारीणी, प्राज्ञिक, संचालक तथा छनौट समितिहरु लगायतका प्रतिष्ठानका महत्वपूर्ण समितिहरुमा नर्सिङ्ग शिक्षक तथा कर्मचारीहरूको अनिबार्य प्रतिनिधित्व गराइयोस्।
6. **भत्ता:** कोरोना संक्रमणमा प्रतिष्ठानको सम्पूर्ण वार्डहरुमा अग्रपंक्तिमा खटिएका नर्सहरुलाई नेपाल सरकारले तोकेबमोजिमको जोखिम भत्ता यथासिघ्र उपलब्ध गराईयोस् । साथै प्रतिष्ठानमा कार्यरत नर्सहरुलाई पोशाक भत्ता र नाइट ड्युटि भत्ता नेपाल सरकारले तोकेबमोजिम उपलब्ध गराउन कार्यकारिणि समितिमा पेश गरियोस्।

P.T.O.→


Corresponding Address: College of Nursing, B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal.
Contact Phone Number: +977-25-525555 - Ext-2147/2084, Fax No: 977-25-520251
Email: nanbpkihsunit@gmail.com

# नेपाल नर्सिङ्ग संघ
वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान इकाई, धरान
# Nursing Association of Nepal
BPKIHS Unit, Dharan

NURSING ASSOCIATION OF NEPAL 2018


Ref. No. ०६/२०६९/०५० Date : २०६९/०४/१०.


**EXECUTIVE COMMITTEE**

**President**
Upendra Yadav

**Immediate Past President**
Prof. Dr. RS Mehta

**Vice President**
Manju Shrestha

**Secretary**
Kriti Chaudhary

**Treasurer**
Rambha Sigdel

**Members**
Panna Rai
Jamuna Devi Bhurtel
Jyoti Limbu
Binita Tamang
Srijana Pradhan


7. **आवास सुबिधा:** प्रतिष्ठानमा कार्यरत नर्सिङ्ग कर्मचारिहरुले सिफ्ट ड्यूटि गर्नुपर्ने हुँदा बाहिरबाट आवतजावत गर्न असहज भएको हुँदा आवसको ब्यवस्था गरियोस् साथै नर्सिङ्ग शिक्षकहरुको हकमा समेत पद अनुसारको आवासको ब्यवस्था गरियोस्।
8. सीनियर अ.न.मी:. नेपाल सरकारको नियमानुसार हाल कायम भएको पद, नाम, सीनियर अ.न.मी. लाई सोही पद, नाम सहित स्तर वृद्धि गरि बढुवा गरिने व्यस्था सहित नियमावलीमा संशोधन गर्नका लागि आवश्यक प्रकृया अगाडि बढाइयोस ।
9. **M. Sc. Nursing** गरेका हाल कलेज अफ नर्सिङ्गमा खटाइएका नर्सिङ्ग अफिसरहरूलाई उपयुक्त पदोन्नतीका साथै पद मिलान गर्न यथाशिघ्र पहल गरियोस् ।
10. हाल नर्सिङ्ग सेवाको प्रमुखको रुपमा रहेको मेट्रोन पदको सट्टामा नर्सिङ्ग निर्देशक रहने गरी नियमावली संसोधन गरी नर्सिङ्ग डिनको नियुक्ती नियमावली अनुसार गरियोस् ।
11. विद्युत आपुर्ति: पटक-पटक लामो समय सम्म विद्युत संचालन अवरूध भएको समस्याको अन्त गरियोस ।
12. पानीको आपुर्ति: पानीको समस्या पूर्ण रूपमा अन्त गर्ने व्यवस्था गरियोस।
13. निवृतिभरण (पेन्सन) कोषको समुचित व्यवस्था गरी सोको संचालन सम्बन्धि ठोश नीति तर्जुमा गरि लागु गरियोस ।
14. प्रतिष्ठान परिसर भित्र निसुल्क वाई फाई (Free Wifi Zone) को व्यवस्था गरियोस ।
15. प्रतिष्ठान परिसर भित्र CCTV सहितको गाडी पार्किंग स्थलको व्यवस्था गरियोस।
16. सुरक्षालाई प्रभावकारी बनाउने व्यवस्था गरियोस् ।

उक्त मागहरुको न्योचित सम्बोधन तत्काल नभए नेपाल नर्सिङ्ग संघ, इकाई, समिती, कडा भन्दा कडा संघर्षमा जाने बेहोरा अवगत गराउन चाहन्छौ ।

धन्यवाद ।

| | |
|---|---|
| कृति चौधरी | उपेन्द्र यादव |
| सचिव | अध्यक्ष |


Corresponding Address: College of Nursing, B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal.
Contact Phone Number: +977-25-525555 - Ext-2147/2084, Fax No: 977-25-520251
Email: nanbpkihsunit@gmail.com